■ एन्फाको वार्षिक तालिका

# पुसदेखि शहीद स्मारक 'ए' डिभिजन लिग



**हिमालय टाइम्स**
काठमाडौं, ७ असोज

अखिल नेपाल फुटबल संघ (एन्फा)ले यस वर्ष हुने घरेलु र अन्तर्राष्ट्रिय प्रतियोगिताको क्यालेण्डर सार्वजनिक गरेको छ। मंगलबार एन्फाले यो वर्षको क्यालेण्डर सार्वजनिक गरेको हो। जसमा 'ए' डिभिजन लिगदेखि साफ महिला क्लब च्याम्पियनसिपसम्मको तालिका सार्वजनिक गरेको छ।

एन्फाका अनुसार आउँदो अक्टोबर ९ र १४ मा नेपाली राष्ट्रिय पुरुष टोलीले भियतनाममा एएफसी एसियन कप क्वालिफायर खेल्नेछ। त्यस्तै, नेपाली राष्ट्रिय महिला टोलीले अक्टोबर २६ मा भारतसँग मैत्रीपूर्ण खेल खेल्नेछ। खेल भारतको सिक्किममा आयोजना हुनेछ।

त्यस्तै, कात्तिक १६ देखि मंसिर ६ सम्म एन्फा प्रेसिडेन्ट लिग आयोजना हुनेछ। कात्तिक १७ देखि मंसिर २ सम्म एन्फा कम्प्लेक्समा एन्फा यू-१६ युथ लिगको आयोजना हुनेछ। एएफसी एसियन कप क्वालिफायरमा नेपाल र मलेसियाबीच मंसिर २ मा आमने-सामने हुनेछ।

यस्तै, करिब दुई वर्ष रोकिएको शहीद स्मारक 'ए' डिभिजन लिग आगामी पुस दोस्रो साता सुरु हुने भएको छ। अखिल नेपाल फुटबल संघ (एन्फा) ले सार्वजनिक गरेको परिमार्जित क्यालेण्डरअनुसार लिग पुस ९ गतेदेखि सुरु भई असार २६ सम्म चल्नेछ।

'यसपटक लिगलाई 'होम एण्ड अवे' प्रणालीमा देशभरका १४ मैदानमा आयोजना गर्ने तयारी छ,' एन्फाका एक अधिकारीले नाम नखुलाउने शर्तमा बताए। 'तर, शीर्ष डिभिजनका १४ क्लबसँग विस्तृत छलफलपछि मात्रै अन्तिम निर्णय हुनेछ।'

एन्फाले असोज २६ गते दिउँसो १ बजे सातदोबाटोस्थित मुख्यालयमा सबै क्लब प्रतिनिधिलाई बोलाउने तयारी गरेको छ। बैठकमा 'ए' डिभिजन लिगसहित हाल रोकिएको यू-१६ युथ लिग पुनः सञ्चालनका विषयमा पनि छलफल हुने बताइएको छ। 'हामी लिगलाई सुरक्षित र व्यवस्थित रूपमा सञ्चालन गर्न सबै पक्षसँग छलफल गर्न चाहन्छौं,' एन्फाका एक वरिष्ठ पदाधिकारीले जानकारी दिए।

मंगलबार सार्वजनिक क्यालेण्डरअनुसार यू-१६ युथ लिग कात्तिक १७ गतेदेखि सुरु हुनेछ र प्रतियोगिता मंसिर २ सम्म चल्नेछ। गत केही समयअघि 'जेन-जी' आन्दोलनले विकराल रूप लिँदा एन्फाले युथ लिगसहित सबै घरेलु गतिविधि अनिश्चितकालका लागि स्थगित गरेको थियो। 'हामीले परिस्थिति समीक्षा गरी युथ लिग पुनः सुरु गर्ने निर्णय गरेका छौं। युवा खेलाडीका लागि यो ठूलो अवसर हुनेछ,' एन्फाका प्रवक्ता भन्छन्।

पुस ९ देखि असार २६ सम्म शहीद स्मारक 'ए' डिभिजन लिग र कात्तिक १७ देखि मंसिर २ सम्म यू-१६ युथ लिग हुने भएको छ। अन्य घरेलु तथा अन्तर्राष्ट्रिय प्रतियोगिताको तालिका क्रमशः सार्वजनिक गर्ने एन्फाले जनाएको छ। करिब दुई वर्षपछि लिग आयोजना हुन लागेको हुँदा नेपाली फुटबल समुदाय उत्साहित छ।

# नेपाली महिला फुटबल टोलीले भारतसहित तीन देशसँग मैत्रीपूर्ण खेल खेल्ने

**हिमालय टाइम्स**
काठमाडौं, ७ असोज

नेपाली राष्ट्रिय महिला फुटबल टोलीले भारतसँग अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेल खेल्ने भएको छ। अखिल नेपाल फुटबल संघ (एन्फा) ले यो वर्षको बाँकी समयका लागि सार्वजनिक गरेको क्यालेण्डरअनुसार मैत्रीपूर्ण खेल आगामी कात्तिक ९ गते सिक्किममा आयोजना हुने निश्चित भएको हो।



नेपाल र भारतबीचको यो खेललाई दुवै मुलुकका प्रशिक्षकहरूले टोलीको क्षमता मापन गर्ने उपयुक्त अवसरका रूपमा लिएका छन्। पछिल्लो समय नेपालले एएफसी महिला एसिया कप छनोट प्रतियोगिता खेलेको थियो भने भारत हाल सोही प्रतियोगिताको तयारीमा रहेको छ।

नेपालले भारतसँगको खेलपछि अर्को तयारीका रूपमा मंसिर ८ देखि १६ सम्म इण्डोनेसियामा हुने त्रिदेशीय मैत्रीपूर्ण फुटबल प्रतियोगितामा सहभागिता जनाउने भएको छ। उक्त शृंखलामा तीनवटा राष्ट्रको सहभागिता रहनेछ। एन्फाका अनुसार उक्त शृंखलामा नेपाल र इण्डोनेसियाका अतिरिक्त चाइनिज ताइपेईले पनि भाग लिनेछ। यी तीनवटै टोलीले एक-अर्कासँग एक-एक खेल खेल्ने बताइएको छ।

यसअघि नेपालले गत वर्ष घरेलु मैदानमा आयोजना गरिएको त्रिदेशीय प्रतियोगितामा लाओस र कीर्गिस्तानसँग प्रतिस्पर्धा गरेको थियो। सो अनुभवलाई यसपटक अझ प्रगतिशील बनाउन महिला टोलीले अन्तर्राष्ट्रिय मञ्चमा निरन्तरता दिने एन्फाले जनाएको छ।

यससँगै दक्षिण एसियाली फुटबल महासंघ (साफ) महिला क्लब च्याम्पियनसिप पनि यसै वर्ष काठमाडौंमा हुने भएको छ। एन्फाको योजनाअनुसार सो प्रतियोगिता मंसिर १९ देखि पुस ५ सम्म दशरथ रंगशालामा आयोजना हुनेछ। साफ सदस्य राष्ट्रका च्याम्पियन क्लबहरूको सहभागिता रहने सो प्रतियोगिता नेपाली फुटबलप्रेमीका लागि थप आकर्षक हुने अपेक्षा गरिएको छ।

त्यसअघि नेपाली पुरुष टोलीले असोज २३ र असोज २८ गते भियतनामसँग एएफसी एसियन कप छनोट प्रतियोगिता खेल्नेछ। यी दुवै खेल भियतनामको घरेलु मैदानमा हुनेछन्।

फुटबल विश्लेषकहरूका अनुसार पछिल्लो समय नेपाली महिला टोलीले अन्तर्राष्ट्रियस्तरमा प्रशस्त अवसर पाएको छ, जसले खेलाडीहरूलाई अनुभवसहित आत्मविश्वास बढाउने मौका दिएको छ। भारतजस्तो बलियो प्रतिद्वन्द्वीविरुद्ध हुने मैत्रीपूर्ण खेल र त्यसपछिका अन्तर्राष्ट्रिय प्रतियोगिताले टोलीलाई आगामी महत्त्वपूर्ण प्रतियोगितामा बलियो तयारीसहित उत्रिन मद्दत गर्ने अपेक्षा गरिएको छ।

# डेम्बेले र बोनमतीलाई बालोन डि'ओर अवार्ड

## यमाल उत्कृष्ट युवा खेलाडी



**एजेन्सी**
पेरिस, ७ असोज

फ्रान्सका फरवार्ड एवं फ्रेन्च क्लब (पिएसजी)का फरवार्ड ओस्मान डेम्बेलेले बालोन डि'ओर २०२५ अवार्ड जित्नुभएको छ। सोमबार राती भएको समारोहमा च्याम्पियन्स लिग विजेतासमेत रहनुभएका डेम्बेलेले वर्षको उत्कृष्ट खेलाडी घोषित हुँदै उक्त प्रतिष्ठित अवार्ड जित्नुभएको हो। पहिलोपटक बालोन डि'ओर जित्नुभएका डेम्बेलेले पिएसजीबाट सन् २०२४-२५ को च्याम्पियन्स लिग जित्नुका साथै लिगमा पनि ३७ गोल र १५ असिस्ट गर्दै उत्कृष्ट प्रदर्शन गर्नुभएको थियो। पेरिसको प्रसिद्ध शातलिये थिएटरमा आयोजित भव्य कार्यक्रममा ब्राजिली महान् स्टार रोनाल्डिन्होको हातबाट उहाँले ट्रफी ग्रहण गर्नुभयो।

१२ किलो तौलको सुनले बनेको अनमोल ट्रफी हातमा परेपछि सधैं शान्त स्वभावमा देखिने डेम्बेले भावुक बन्नुभयो। उहाँ यो अवार्ड जित्ने छैटौं फ्रेन्च खेलाडी हुनुहुन्छ। यसअघि रेमन्ड कोपा, मिचेल प्लाटिनी, जियान पियरी पपिन, जिनेदिन जिदान र करिम बेन्जेमाले यो अवार्ड हात पारेका थिए। लिग वानमा २१ गोलसहित संयुक्त शीर्ष स्कोरर बन्नुभएका उहाँ च्याम्पियन्स लिग तथा फ्रेन्च लिग दुवैमा 'प्लेयर अफ द इयर' बन्नुभएको थियो।

यस उपलब्धिलाई असाधारण भन्दै उहाँले पिएसजी, प्रशिक्षक, टोलीका साथी र परिवारलाई धन्यवाद दिनुभयो। 'यो ट्रफी व्यक्तिगत भए पनि यसलाई हामी सबैले सँगै जितेका हौं,' उहाँले भन्नुभयो।

महिलातर्फको बालोन डि'ओरको अवार्ड भने लगातार तेस्रोपटक स्पेनकी एइताना बोनमतीले जित्नुभयो। उहाँ स्पेनिस क्लब बार्सिलोनाबाट खेल्दै आएकी फरवार्ड हुनुहुन्छ। यस्तै, स्पेन राष्ट्रिय टोली तथा स्पेनिस क्लब बार्सिलोनाका युवा खेलाडी लामियन यमालले वर्ष उत्कृष्ट युवा खेलाडीको अवार्ड जित्नुभएको छ। महिलातर्फको उत्कृष्ट युवा खेलाडीको अवार्ड स्पेनकै भिकी लोपेजले जित्नुभयो। च्याम्पियन्स लिग विजेता पिएसजी वर्ष उत्कृष्ट पुरुष टोली घोषित हुँदा पिएसजीकै प्रशिक्षक लुइस एनरिके उत्कृष्ट प्रशिक्षक तथा पिएसजीबाटै च्याम्पियन्स लिग जित्नुभएका जियानलुजी डोनारुमा उत्कृष्ट गोलरक्षक घोषित हुनुभयो। महिलातर्फको वर्ष उत्कृष्ट टोलीको अवार्ड आर्सनलले प्राप्त गऱ्यो। त्यस्तै, उत्कृष्ट स्ट्राइकरको अवार्ड स्विडेनका भिक्टोर ग्योकेरेसले जित्नुभयो। महिलातर्फ उत्कृष्ट स्ट्राइकरको अवार्ड पोल्याण्डकी इवा पाजोरले जित्नुभयो।

पिएसजीलाई ट्रेबल दिलानुभएका प्रशिक्षक लुइस एनरिके वर्षको उत्कृष्ट प्रशिक्षक घोषित हुनुभयो। टोलीलाई ऐतिहासिक ट्रेबल जिताएबापत उत्कृष्ट प्रशिक्षक घोषित हुँदै उहाँले 'योहान क्रुइफ ट्रफी' प्राप्त गर्नुभयो। फ्रान्सेली पत्रिका फ्रान्स फुटबलले एनरिकेलाई पुरुष फुटबलतर्फ वर्षको उत्कृष्ट प्रशिक्षक घोषणा गरेको हो। एनरिकेले यस अवार्डका लागि बार्सिलोनाका हान्सी फ्लिक, लिभरपुलका आर्ने स्लट, चेल्सीका एन्जो मारेस्का र नापोलीका अन्टोनियो कन्टेलाई पछि पार्नुभयो। उहाँको नेतृत्वमा पिएसजीले क्लबको इतिहासमै पहिलोपटक च्याम्पियन्स लिग जितेको थियो। त्यससँगै टोलीले लिग १, फ्रेन्च कप र फ्रेन्च सुपर कपसमेत जितेर अभूतपूर्व उपलब्धि हासिल गऱ्यो। पिएसजी यो उपलब्धि हासिल गर्ने पहिलो फ्रान्सेली क्लब बनेको हो।

यता महिलातर्फको वर्ष उत्कृष्ट टोलीको अवार्ड आर्सनलले प्राप्त गर्दा सरिना विग्म्यान (इंग्लिस महिला राष्ट्रिय टोली) उत्कृष्ट प्रशिक्षक बन्नुभयो।

# नापोली शीर्ष स्थानमा उक्लियो

**एजेन्सी** । इटालियन सिरी 'ए'मा नापोलीले पिसा एफसीविरुद्ध रोमाञ्चक ३-२ को जित निकाल्दै तालिकाको शीर्ष स्थानमा पुगेको छ। लगातार चौथो जितसँगै नापोलीले चार खेलमा १२ अंक जोडेको छ। पराजित पिसा समान खेलबाट एक अंकमा सीमित हुँदै १९औं स्थानमा रहेको छ।

सोमबार राती डियगो अर्मान्डो म्याराडोना रंगशालामा भएको खेलमा नापोलीका बिली गिलमोर, लियोनार्डो स्पिनाजोला र लोरेन्जो लुक्काले गोल गर्दै टोलीलाई विजयी बनाउनुभएको थियो। पिसाका लागि एम बाला एनजोला र लोरेनले गोल फर्काउनुभयो।

खेलको ३९औं मिनेटमा गिलमोरको गोलमार्फत् नापोलीले अग्रता लिएको थियो। तर, ६०औं मिनेटमा बालाले पेनाल्टीमार्फत् पिसालाई बराबरीमा ल्याउनुभयो। त्यसपछि ७३औं मिनेटमा स्पिनाजोलाको गोलले नापोलीलाई २-१ को अग्रता दिलायो।

खेलको ८२औं मिनेटमा लुक्काले तेस्रो गोल गर्दै विजयी अवस्थालाई पक्का गर्नुभयो। निर्धारित समयको अन्तिम मिनेटमा लोरेनले पिसाका लागि गोल फर्काउने प्रयास गरे पनि त्यो पर्याप्त भएन। यस जितसँगै नापोली समूहको शीर्ष स्थानमा उक्लिएको छ र आगामी खेलका लागि बलियो संकेत दिएको छ।

# नयाँ जर्सीमा खेल्दै नेपाली क्रिकेट टिम

**हिमालय टाइम्स**
काठमाडौं, ७ असोज

नेपाली राष्ट्रिय क्रिकेट टिमको नयाँ जर्सी सार्वजनिक गरिएको छ। नेपाल क्रिकेट संघ (क्यान)ले नयाँ जर्सी सार्वजनिक गरेको हो।

नयाँ जर्सीमा नासा सेक्युरिटिजको लोगो बीचमा राखिएको छ। नेपाल क्रिकेट संघसँग प्रायोजनको सम्झौता गरेको नासाले जर्सीको बीचमा स्थान पाएको छ।

नयाँ जर्सीमा रङ परिमार्जन गरिएको छ। रातो र गाढा नीलो कलरमा नयाँ जर्सी सार्वजनिक भएको हो। जसमा एउटा काँधमा चन्द्र र अर्को काँधमा सूर्य राखिएको छ। जर्सीको तल्लो भागमा सगरमाथा अंकित हिमालको प्रतिबिम्ब राखिएको छ।

पुरानो जर्सीमा पहेँलो रङले नेपाल लेखिएको थियो भने यो नयाँ जर्सीमा सेतो रङ प्रयोग गरिएको छ।

नेपालले आइसिसी टी-ट्वान्टी विश्वकपअन्तर्गत एसिया छनोटको तयारीका लागि बलियो टोली वेष्ट इण्डिजसँग शृंखला खेल्न लागेको हो। सोमबार युएई प्रस्थान गरेको नेपाली टोलीले सेप्टेम्बर २७, २९ र ३० मा संयुक्त अरब इमिरेट्स (युएई) को शारजाह क्रिकेट स्टेडियममा टी-ट्वान्टी शृंखला खेल्नेछ।

नेपाल क्रिकेट संघ (क्यान) ले गत सोमबार रोहितकुमार पौडेलको कप्तानीमा १६ सदस्यीय टोली घोषणा गरेको थियो । टोलीमा दीपेन्द्रसिंह ऐरी, आसिफ शेख, सन्दीप लामिछाने, कुशल भुर्तेल, कुशल मल्ल, लोकेश बम, मोहमद आदिल आलम, आरिफ शेख, सन्दीप जोरा, करण केसी, नन्दन यादव, गुल्शन झा, ललितनारायण राजवंशी, सोमपाल कामी र साहब आलम हुनुहुन्छ। यस शृंखलालगत्तै नेपालले आइसिसी टी-ट्वान्टी विश्वकप छनोटअन्तर्गत एसिया तथा इस्ट एसिया प्यासिफिकको रिजनल फाइनलमा सहभागिता जनाउनेछ। छनोट प्रतियोगिता अक्टोबर ८ देखि ओमानमा आयोजना हुनेछ।

ओमानमा आगामी अक्टोबर ८ देखि १७ सम्म आइसिसी टी-२० विश्वकप एसिया प्यासिफिक रिजनल फाइनल हुँदैछ। यसैको तयारीका लागि नेपालले वेष्ट इण्डिजसँग खेल्न लागेको हो। यस छनोटमा कुल नौ राष्ट्रले खेल्नेछन्। यहाँबाट तीन टोलीले सन् २०२६ मा भारत र श्रीलंकामा संयुक्त रूपमा आयोजना हुने विश्वकपमा स्थान बनाउनेछन्।




यसपल्ट पनि छनोट चरण पार गर्दै नेपाली टोलीले तेस्रो पल्ट टी-ट्वान्टी विश्वकप खेल्ने लक्ष्यमा छ। त्यसैका लागि नेपालले छनोटअगाडि अनुभवी राष्ट्र वेष्ट इण्डिजसँग तीन खेलको टी-ट्वान्टी शृंखला खेल्न लागेको हो।

### मैदानमा आएर नेपाली टोलीलाई समर्थन गर्न आग्रह

नेपाली राष्ट्रिय क्रिकेट टोलीका कप्तान रोहितकुमार पौडेलले युएईमा बस्ने नेपालीहरूलाई मैदानमा आएर नेपाली टोलीलाई समर्थन गर्न आग्रह गर्नुभएको छ। उहाँले सामाजिक सञ्जालमा भिडियो सार्वजनिक गर्दै वेष्ट इण्डिजसँग ऐतिहासिक सिरिज खेल्न लागेको नेपाली टोलीलाई समर्थन गर्न आग्रह गर्नुभएको हो।

उहाँले भन्नुभएको छ, 'हामीले सेप्टेम्बर २७ देखि ३० सम्म वेष्ट इण्डिजसँग ऐतिहासिक सिरिज खेल्दै छौं र युएईमा बस्ने सबै नेपालीहरूलाई मैदानमा आएर हामीलाई समर्थन गर्न आग्रह गर्दछु।'

नेपाल र वेष्ट इण्डिजले पहिलो टी-ट्वान्टी सिरिज सेप्टेम्बर २७ मा खेल्नेछन्। तीनवटा टी-ट्वान्टी सिरिज खेल्ने तालिका छ। जहाँ सबै खेल युएईको शाहराज क्रिकेट रंगशालामा हुनेछन्।


## अधिकतम खुद्रा बिक्रि मुल्य (MRP) प्रकाशनको सूचना

यस **हाइली एडभान्सड मोटर्स प्रा.लि.**ले चीन देशबाट पैठारी देहायको मालबस्तुहरुको **अधिकतम खुद्रा विक्री मूल्य MRP** निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

| S. N. | Vehicle Type | Brand | Model Number | Country of Origin | Qun-tity | Price Per Vehicle | Maximum Selling Price (MRP) |
|---|---|---|---|---|---|---|---|
| 1 | Mini Bus (16 seater) | Kawei | HQG6560EV16N | China | 1 | 5,950,000.00 | 5,950,000.00 |
| 2 | Mini Bus (16 seater) | Kawei | HQG6560EVW | China | 1 | 6,950,000.00 | 6,950,000.00 |
| 3 | Light Truck | Kawei | EVT31Y | China | 1 | 3,750,000.00 | 3,750,000.00 |
| 4 | Mini Bus (16 seater) | Naveco | IVNV6550EV16W | China | 1 | 7,150,000.00 | 7,150,000.00 |
| 5 | Mini Bus (14 seater) | Naveco | IVNV6551EV14 | China | 1 | 5,750,000.00 | 5,750,000.00 |
| 6 | Car/Van (7 seater) | Naveco | Fidato IV6550EV7 | China | 1 | 7,450,000.00 | 7,450,000.00 |

**बिक्रेता फर्मको नाम : हाइली एडभान्सड मोटर्स प्रा.लि.। फोन नं. : ०१-४३७७४०४। स्थायी लेखा नं. ६२११५९५७८**



**नेपाल सरकार**
**भौतिक पुर्वाधार तथा यातयात मन्त्रालय**
**संघिय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय**
**सडक विभाग**

**सडक डिभिजन चन्द्रनिगाहपुर, रौतहट**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८२।०६।०८**

यस कार्यालयको सूचना नं. २०८२/८३-०२ मिति २०८२।०४।३० मा **bolpatra.gov.np/egp** तथा अन्नपूर्ण पोस्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार प्राप्त बोलपत्रहरुको मुल्यांकन हुदाँ तपशिल अनुसारको बोलपत्रदाताहरुको बोलपत्र न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृतिको लागि छनौट गर्ने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

**तपसिलः**

| ठेक्का न. | बोलपत्रदाताको नाम | कामको विवरण | कबोल रकम (मु. अ. कर र पि.एस समेत) |
|---|---|---|---|
| RDCNP/33701138/082/83-14 | M/s Sagar Construction, Mahagadhimai-01, Bara | Road Upgrading Works along Chhatauna Bhutahi Tola Kachorawa Sadak(NH 05), Rautahat | 67,20,567.52 |
| RDCNP/33701138/082/83-15 | M/s Anil Nirman Sewa Maulapur-05, Rautahat | Road Upgrading works along Nawalpur-Malangwa Road(NH 32), Sarlahi | 28,90,992.00 |
| RDCNP/33701138/082/83-16 | M/s Bishal Nirman Sewa Hajariya-9, Sarlahi | Road upgrading works along Mahendra Highway Dhansar Bagmati Section, Rautahat | 34,76,391.89 |
| RDCNP/337010124/082/83-17 | M/s Bridhi Construction and Engineering Consultancy Pvt. Ltd. , Kabilashi-10, Sarlahi | Construction of one storey building (Second floor) on Existing RCC frame structure office Building at Road Division Chandranigahpur, Rautahat | 39,91,011.55 |

**डिभिजन प्रमुख**